श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

<u>इजलाश</u>

प्रमुख जिल्ला अधिकारी श्री **बसन्त राज गौतमबाट** भएको

**<u>फैसला</u>**

सम्बत् २०६९/०७० सालको स.फौ.नं.७/९२(**हातहतियार**)

<u>दर्ता मिति</u> :– **<u>२०६९/१/१७</u>**

मुद्दा :– <u>हातहतियार खरखजाना</u> ।

<u>निर्णय नं.४७५ , मिति :– **२०७१/०५/०९**</u>

| **<u>वादी</u>** | **<u>प्रतिवादी</u>** |
|---|---|
| प्रहरी प्रतिवेदन जाहेरीले<br>**नेपाल सरकार**.......... .........१<br>निजको प्रमाण..................................<br>साक्षी............................................<br>कागज........................................... | तिव्वत घर भई,जिल्ला काठमाण्डौ, जोरपाटी गा.वि.स. वडा नं. २ नयाँवस्ती बस्ने तेन्जिङ्ग लामाको छोरा बर्ष १८ को खोडे भोटे,बाबु लामा,फुर्वा लामा समेत भन्ने दावाछिरिङ्ग लामा.......................... .१<br>निजको प्रमाण ...................................................................<br>साक्षी ..........................................................................<br>कागज ......................................................................... |

**<u>यस कार्यालयबाट बुझेको</u>**

प्रमाण...........................................

साक्षी ..........................................

कागज ----------------------------

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

१. प्रतिवादी सुवास वराइलीको कोठाबाट पेस्तोल थान १ बरामद भएकोमा सो पेस्तोल हाल फरार रहेका खोडे भोटे भन्ने बाबु लामाबाट ल्याई विना इजाजत आफ्नो साथमा राख्दै आएको खुल्न आएकोले निज प्रतिवादीलाई हातहतियार खरखजना ऐन,२०१९ को दफा ३(२) र ५ को कसूरमा ऐ.२०(२) बमोजिम सजायको मागदावी लिई निज खोडे भोटे बाबु लामाको हकमा पछि कानून बमोजिम हुने भन्ने व्यहोराको अभियोग पत्रको व्यहोरा ।

२. मैले उक्त म्याग्जीन नभएको पेस्तोल का.म.न.पा.६ बौद्ध स्थित पिपलबोटबाट फोहोर फाल्ने ठाउमा रुमालले पोको पारी फालेको अवस्थामा म्याग्जीन नभएको ९ एमएमको अटो पेस्तोल थान १ करिव ७/८ वर्ष पहिले फेला पारी राख्दै आएकोमा ४/५ महिलना अपगाडि सागर भन्ने सुवास वराइलीलाई रु ४००।- मा मैले नै दिएको हो । उक्त पेस्तोलको म्याग्जीन म सँग छैन भन्ने समेत व्यहोराको **प्रतिवादी दावा छिरिङ्ग लामाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।**

३. प्रतिवादी सागर भन्ने सुवास वराइलीको कोठाबाट वरामद भई परीक्षणको लागि प्राप्त हुन आएे ९ एम एमको म्याग्जीन नभएको अटो पेस्तोल थान एक LOCAL MADE [HOME MADE} पेस्तोल भएको उक्त पेस्तोलबाट फायर हुन सक्छ भन्ने समेत व्यहोराको केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशाला काठमाण्डौको च.नं३०१३ मिति २०६८।१२।२३ गतेको पत्रसाथ संलग्न परीक्षण रिपोर्ट ।

४. केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशाला काठमाण्डौको च.नं३०१३ मिति २०६८।१२।२३ गतेको पत्रद्धारा परीक्षण भई आएको ९ एम एमको म्याग्जीन नभएको अटो पेस्तोल थान एक मैले नै प्रतिवादी सागर भन्ने सुवास

वराइलीलाई दिएको पेस्तोल हो भनी सनाखत गरी दिए भन्ने प्रतिवादी दावा छिरिङ्ग लामाले गरेको ततिम्वा वयान कागज ।

५. यसमा मलाई देखाइएको प्रतिवादी खोडे भोटे बाबु लामा भन्ने दावा छिरिङ्ग लामाले नै प्रस्तुत मुद्दामा वरामद भइ आएको म्याग्जीन नभएको पेस्तोल थान एक मलाई दिएका हुन निजलाई हेरी सनाखत गरी दिए भन्ने व्यहोराको प्रतिवादी सागर भन्ने सुवास वारइलीले गरेको सनाखत कागज ।

६. संकलित कागज प्रमाणहरुबाट प्रतिवादी खोडे भोटे बाबु लामा भन्ने दावा छिरिङ्ग लामाले का.म.न.पा.वडा नं.६ बौद्ध स्थित फोहोर फाल्ने ठाउबाट फोहोर खोज्ने क्रममा उक्त म्याग्जीन नभएको ९ एम एमको पेस्तोल थान १ भेटाई सो पेस्तोल आफ्नै साथी प्रतिवादी सागर भन्ने सुवास वराइलीलाई रु ४००।- मा विक्री गरेकोमा सोही पेस्तोल नै निज सुवास वराइलीको कोठाबाट वरामद भई आएको देखिदा यी प्रतिवादी दावा छिरिङ्ग लामाले विना लाइसेन्सको उक्त अवैध पेस्तोल अर्का प्रतिवादी सुवास वराइलीलाई विक्री गरेको तथ्य निर्विवाद रुपमा पुष्टी हुन आई प्रतिवादी दावा छिरिङ्ग लामाको उक्त कार्य हातहतियार तथा खरखजाना ऐन,२०१९ को दफा ३को उपदफा (२) वमोजिमको कसूर हुदा सोही कसूरमा निजलाई सोही ऐनको दफा २० को उपदफा(२)क बमोजिम सजाय गरी पाउन मागदावी लिई **पुरक-अभियोग-पत्र प्रस्तुत भएको ।**

७. म फोहोर उठाउने काम गर्छु । सोही क्रममा फोहोरमा फ्याकेको अवस्थामा उक्त पेस्तोल भेटेको हुँ उक्त पेस्तोल फलामको भाउमा बेच्न खोजेकोमा सुवास वराइलीले मलाई दे भनेकाले सुवास वराइलीलाई त्यसै दिएको हो भन्ने समेत व्यहोराको प्रतिवादी दावा छिरिङ्ग लामाले यस कार्यालयमा गरेको वयान ।

८. प्रतिवादी सागर भन्ने सुवास रसाइलीको डेरा कोठा भित्रबाट अटो पेस्तोल थान १ समेत वरामद भई आएको र प्रतिवादी दावाछिरिङ्ग लामाले अधिकार प्राप्त अधिकारी र यस कार्यालयमा समेत वयान गर्दा फोहोर फ्याल्ने ठाउमा उक्त पेस्तोल भेटी राखेकोमा सागर भन्ने सुवास वराइलीले मलाई दे भनेकोले निजलाई त्यसै दिएको हो भनी लेखाएको र सागर भन्ने सुवास वराइलीले रु ४००।- मा खरिद गरेको भनी खुलाएकाले यी प्रतिवादीले आरोपित कसूर गरेका होइनन् भन्न सकिने अवस्था नहुदा पछि बुझ्दै जादा ठहरे बमोजिम हुने गरी हाललाई हातहतियार  खरखजना ऐन,२०२७ को दफा २४(क) बमोजिम निजलाई थुनामा राखी मुद्दा पूर्पक्ष गर्नू भन्ने समेतको मिति २०६९।१।१८ मा यस कार्यालयबाट भएको थुनछेक आदेश ।

## यस कार्यालयको ठहर

९. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्धान जिल्ला न्यायाधिवक्ता कृष्णजंग शाहले गर्नु भएको बहस सुनियो । मिति २०६८।११।२८ मा यस कार्यालयमा पेश भएको अभियोग-पत्रमा मि.नं.५/८७ का प्रतिवादी सुवास वराइलीको कोठाबाट AUTO PESTAL 9MM लेखिएको पेस्तोल थान १ बरामद भएकोमा सो पेस्तोल बाबुलामाबाट खरिद गरेको भनी खुलाएको तर बाबुलामा तत्काल फरार रहेकाले पछि कूनन बमोजिम हुने भनी खुली आएको रहेछ ।

प्रस्तुतः अभियोग पत्रमा प्रतिवादी दावा छिरिङ्ग लामा (बाबु लामा,खोडे भोटे समेत भनिने ) ले अनुसन्धानको क्रममा का.जि.का.म.न.पा.वडा नं.६ बौद्ध पिपलबोट स्थित फोहोर फाल्ने ठाउमा उक्त पेस्तोल फेला परी सुवास वराइलीलाई रु ४००।- मा विक्री गरेको भनी खुलाएको साविती वयान,परीक्षण प्रतिवेदन,सनाखत कागज समेतका आधारमा यी **प्रतिवादी दावा छिरिङ्ग लामालाई  हातहतियार खरखजाना ऐन**,२०१९ को दफा ३ को उपदफा (२) र (५)को विपरितको कसूरमा ऐ.दफा २०(२)क बमोजिम सजाय गरी पाउ भन्ने अभियोग मागदावी भएकोमा यी प्रतिवादीले अभियोग मागदावी बमोजिम कसुर अपराध गरेको हुन होइनन् गरेका भए निजलाई कस्तो सजाय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय गर्नु पर्ने देखिन आयो ।

मिसिल संलग्न कागजात अध्ययन गरी निर्णय तर्फ विचार गर्दा मिति २०६८/११/०२ गते सुवास वराइलीको डेराकोठाबाट पेस्तोल थान १ बरामद भएकोमा निजले उक्त पेस्तोल यी प्रतिवादी दावा छिरिङ्गसँग रु ४००।- मा खरिद गरेको भनी खुलाएका र यी प्रतिवादीले पनि सोही व्यहोरालाई समर्थन हुने गरी वयान दिएको देखिन्छ । उल्लेखित पेस्तोल देखाई सनाखत गराउदा विक्री गरेको पेस्तोल त्यही भनी सनाखत गरेको देखिन्छ । वरामद भएको पेस्तोल HOME MADE भएको र चालु अवस्थामा रहेको भन्ने परीक्षण प्रतिवेदन मिसिल संलग्न छ । सागर वराइलीले आफुले हतियार खरिद गरेका व्यक्ति यीनै हुन भनी खोडे भोटे,बाबु लामा भन्ने दावा

छिरिङ्ग लामालाई चिनेर रितपूर्वक सनाखत गरेको कागज मिसिल संलग्न देखिन्छ । यी प्रतिवादीले यस कार्यालय समक्ष गरेको वयानमा फोहोर टिप्ने क्रममा पेस्तोल फेला परेको र सुवास वराइलीले मलाई ले भनी मागेकोले दिएको तर विक्री नगरेको भनी कसूरमा आंशिक सावित रहेका तर आफु निर्दोष छु भन्ने साक्षी प्रमाण पेश गर्न नसकेको देखिन्छ । अतः माथि विवेचना गरिएका तथ्यहरु एवं स.वा.फौ.५/८७ को मुद्दामा विवेचना गरिएका तथ्य प्रमाणहरुका आधारमा यी प्रतिवादी खोडे भोटे, बाबु लामा, फुर्वा लामा भन्ने दावा छिरिङ्ग लामाले विना इजाजत हातहतियार वेची हातहतियार खरखजना ऐन,२०१९ को दफा ३(२) विपरितको कसूर गरेको ठहर्छ । सो ठहर्नाले निजलाई ऐ दफा २०(२) वमोजिम कैद वर्ष ३(तीन) हुन्छ । अरुमा कानून बमोजिम **गर्ने गरि प्रस्तुत मुद्दा मुलुकी ऐन अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएको छ ।**

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी दावा छिरिङ्ग लामालाई ३(तीन) वर्ष कैद हुने ठहरी फैसला भएकोमा निज अनुसन्धानको क्रममा प्रहरी हिरासतमा परेको मिति २०६८/१२/२२ देखी थुनामा बसेको देखिंदा कानून बमोजिम सोही मितिबाट गणना हुने गरी कैदी पूर्जि दिनु ........................................१

प्रतिवादीलाई प्रस्तुत फैसलामा चित्त नबुझे फैसला सुनि पाएको मितिले ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत पाटन, ललितपुरमा पुनरावेदन गर्न जानू भन्ने पुनरावेदन म्याद सुनाउनू/दिनू र जि.स.व.का. काठमाडौंलाई प्रस्तुत फैसलाको फोटोकपि समेत साथै राखी मुद्दा फैसला भएको जानकारी लेखी पठाउनू .................................... .... ...................................................................... २

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु..............................................................................३

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू ...४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू .......................................................................५

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भएबमोजिम लेख्ने
ना.सु.परशुराम थापा

..................................
**(बसन्त राज गौतम)**
प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७१ साल भाद्र ९ गते रोज २ शुभम् .......................................................................